# आर्थिक वर्ष – २०७३/०७४

## को

## वार्षिक प्रगति विवरण

कुसुदेवु जनस्वास्थ्य अभियान नेपाल
पकनाजोल, काठमाण्डौ
फोन नं. ०१४३८९६४९
ईमेलः kushudebu2005@yahoo.com
वेबसाइटः www.kushudebu.org.np

## १ परिचय

### १.१ भूमिका

देशको भौगोलिक विकटता, सामाजिक कुरीति, धार्मिक अन्ध विश्वासबाट पिरोलिई रहेको ग्रामीण समुदायमा बसोबास गर्ने नागरिकहरु अझै पनि सरल र सहज ढंगबाट स्वास्थ्य सेवा प्राप्त गर्न सकिरहेका छैनन् । भौगोलिक विकटताका कारण कडा परिश्रम गर्नु, गरिबी तथा अशिक्षाको कारण सरसफाई गर्ने सामाग्रीहरु किन्न नपाउनु र सरसफाई समबन्धी चेतना नहुनु, स्वास्थ्य संस्थाहरु धेरै टाढा हुनु जस्ता कारणले हिमाली र पहाडी भेगमा बसोबास गर्ने नागरिकहरुले स्वास्थ्य जस्तो अधिकार बाट वञ्चित हुनु दुर्भाग्य नै मानिनु पर्छ । अशिक्षा, गरिबी आदिका कारणले ग्रामीण समुदायका नागरिकहरुलाई स्वस्थ जीवनयापन गर्न कठीनाई परिरहेको छ ।

विश्वमा नागरिक स्वास्थ्यको अवस्थालाई नियाल्दा विकसित देशको तुलनामा विकासोन्मुख देशको अवस्था धेरै नाजुक रहेको पाईन्छ । किनभने विकसित देशमा आर्थिक विकास र वृद्धिको पाटो, विधिको शासन, मानव अधिकारको कार्यान्वयन पक्ष राम्रो रहेको छ । नेपालमा पनि विधमान समस्याले गर्दा स्वास्थ्य स्थिती राम्रो देखिएको छैन ।

यिनै कुराहरुलाई हृदयंगम गर्दै कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले सोलुखुम्बु जिल्ला स्थित साविकको बेनी गा.वि.स. वडा नं. ५ हालको सोलु दूधकुण्ड नगरपालिका वडा नं. २ मा बेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्र मार्फत विगत १२ वर्षदेखि निरन्तर रुपमा सेवा पुऱ्याउँदै आएकोछ । स्वास्थ्य सेवा केन्द्रले त्यस भेगका बासिन्दालाई सहुलियत रुपमा ओ. पी. डी., ईमरजेन्सी, वर्थिङ्ग लगायत विभिन्न किसिमका स्वास्थ्य सेवा पुयाउनुको साथै बालबालिका, बृद्ध-बृद्धाहरुमा निःशूल्क स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ । आर्थिक वर्ष २०७३/०७४ मा हाल सम्म कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले गरेको क्रियाकलापहरुलाई समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

### १.२ उद्देश्यः

आर्थिक वर्ष २०७३/०७४ मा संस्थाले हाल सम्म हासिल गरेको प्रगति सरोकारवाला निकायलाई जानकारी गराउने यो प्रतिवेदनको उद्देश्य रहेको छ ।

### १.३ कार्यक्रमको औचित्य

स्वास्थ्य नै मानिसको अमूल्य धन हो । स्वस्थ मानिसले समाज र देशको लागि ठूलो योगदान पुऱ्याउने भएकोले देशको सम्मपूर्ण नागरिक स्वस्थ हुनु जरुरी छ । स्वास्थ्य बिना स्वस्थ, सभ्य र समृद्ध समाजको परिकल्पना समेत गर्न सकिंदैन । ब्यक्तिगत सरसफाईमा जोड दिनुको साथै घर वरिपरिको सरसफाईमा जोड दिनु अति आवश्यक छ । सरसफाई समबन्धी विभिन्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी रोग लाग्नबाट ब्यक्तिलाई सचेत गराउन सकिन्छ । तापनि ग्रामीण समुदायमा कडा परिश्रम बिना जीवन निर्वाह हुन नसक्ने हुँदा धेरै गह्रौं सामान बोक्दा र उचाल्दा ग्रामीण समुदायमा हाडजोर्नीको समस्या, महिलाहरुमा आङ खस्ने समस्या एकदमै देखापरिहेको अवस्था छ । चेतनामा कमी भएको कारणले ग्रामीण समुदायमा विभिन्न रोगहरुबाट जनताहरु पिडित भएका छन् । परम्परागत रुढीवादी सोचाईले गाउँघरमा अझै पनि डाक्टरबाट गरिने उपचारलाई धामी झाँक्रीबाट गराई रहेका छन् । आर्थिक, सामाजिक, भौतिक समस्याबाट रोग लागेका ब्यक्तिहरुले उपचार पनि नपाई रहेको अवस्था छ । यिनै सामाजिक, आर्थिक, भौगोलिक

कारणले विभिन्न रोगको शिकार बन्न पुगेकाहरु आज राम्रो र दक्ष चिकित्सा सेवा पाई नरहेको अवस्थालाई सुलभ र सहज ढंगबाट स्वास्थ्य सेवा प्रदान गरी व्यक्ति, समाज र राष्ट्रलाई सभ्य समुन्नत बनाउन सकिन्छ ।

### १.४ लाभान्वितहरुको संख्याः

यस संस्थाबाट आर्थिक वर्ष २०७३/०७४ मा लाभान्वित हुनेहरुको संख्या निम्नानुसार रहेको छ ।

| सि.नं. | कार्यक्रमको नाम | लाभान्वित संख्या |
|---|---|---|
| १ | विभिन्न रोगहरुको उचित निदान र सहुलियत दरमा औषधी वितरण गर्दै आएको | ३२०० |
| २ | बगैंचा निर्माण | १ पटक |
| ३ | सरसफाई कार्यक्रम | २ पटक |
| ४ | घरदैलो कार्यक्रम | २ पटक |
| ५ | स्वास्थ्य शिक्षा प्रदान | १२० जना |
| ६ | निशुल्क दन्त शिविर | २ पटक |
| ७ | मर्मत सम्भार | १ पटक |
| ८ | क्षमता अभिवृद्धि तालिम | १ पटक |
| | | |
| | | |
| | | |

## २ सञ्चालित क्रियाकलापहरु

### २.१ उपचार सेवा :

बेनी सामुदायिक स्वास्थ्य सेवा केन्द्रबाट यस वर्ष पुरुष ६८५ र महिला ५४६ गरी जम्मा १२३१ जना विरामीहरु लाभान्वित भएका छन् । उपचारका क्रममा आ. व. २०७३/२०७४ मा हाल सम्मको रेकर्ड अनुसार देखिएका प्रमुख दश रोगहरु यस प्रकार रहेको पाईयो ।

1. APD=Acid Peptic Disorder
2. Headache
3. URTI=Upper Respiratory Tract Infection
4. LRTI=Lower Respiratory Tract Infection
5. Boils
6. PID=Pelvic Inflammatory Disease
7. HTN= Hypertension
8. Trauma/Injury
9. Dermatitis/Skin Diseases
10. Diarrhea

### २.२ बगैंचा निर्माणः

स्वास्थ्य सेवा केन्द्र वरिपरिको वातावरण स्वच्छ, सफा र हराभरा बनाउनुको साथै पर्यावरणलाई सन्तुलित बनाउनको निम्त स्वास्थ्य सेवा केन्द्रमा कार्यरत कर्मचारी, स्थानीय बासिन्दाको सहयोगमा बगैंचा निर्माणको काम सम्पन्न गरेको थियो ।

### २.३ सरसफाई कार्यक्रमः

स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरु, स्थानीय बासिन्दा, स्थानीय विद्यालयका विद्यार्थीहरु र बिदेशी पाहुनाहरुको सहयोगमा विभिन्न समय समयमा गाउँ टोल लगायत स्वास्थय चौंकी वरिपरि सरसफाईको कामहरु गरेका थियो सो कार्यक्रमबाट स्थानीय बासिन्दा र विधार्थीहरुमा आफनो गाउँ टोल सफा राख्नु पर्छ भन्ने भावना जागरुत भएको थियो । जसले गर्दा वातावरण सफा र स्वच्छ राख्न मदत्त पुगेको थियो ।

### २.४ घरदैलो कार्यक्रमः

विभिन्न रोगको निदान गर्न उद्धेशय अनुरुप, स्थानीय बासिन्दाहरुको घर घरमा पुगेर जनचेतना जगाउनुको साथै मात्तृ शिक्षु सम्बन्धी पोषण कार्यक्रम, विभिन्न किसिमको रोगहरु निमूर्ल गर्न जनचेतना जगाउने र औषधी वितरण कार्यहरु गरेका थियो ।

### २.५ स्वास्थ शिक्षा प्रदानः

स्वास्थय शिक्षाको माध्यबाट विधार्थी र समुदायमा चेतना फलाई विभिन्न रोगबाट वच्न सिकाई स्वस्थ जिवन विताउन मदत्त पुगने भएकोले सोही अनुसार संस्थाले स्थानीय विद्यालयहरुमा स्वास्थय शिक्षाको कार्यक्रम संचालन गरिएको थियो ।

### २.६ निःशुल्क दन्त स्वास्थ्य शिविर

दुर्गम र ग्रामीण स्तरमा यातायात लगायत अन्य सुविधा नभएकाले निशुल्क दन्त स्वास्थ्य शिविरको लागि स्थानीय स्तरबाट माग आएकोले मिति 17th October, 2016 देखि 29th October, 2016 सम्म अष्ट्रेलियन दन्त चिकित्सक Dr. John Graham Niven र Dr. Trang Kieu Truong को सहयोगमा १३ दिनको निशुल्क दन्त स्वास्थ्य शिविर समपन्न गरियो । त्यसै गरी मिति 15th March, 2017 देखि 17th March, 2017 सम्म सुष्मा कोईराला मेमोरियल अस्पतालको सहयोगमा ३ दिनको निशुल्क दन्त स्वास्थ्य शिविर समपन्न भएको थियो ।

## Dental Camp (17th October, 2016 to 29th October, 2016)

- Patients examined 342
- Patients treated 251
- Teeth filled 402
- Teeth fissure sealed 137
- Scaling 23
- Teeth extracted 150
- Miscellaneous treatment 5
- No treatment required or declined 58
- Estimated children not treatment 30

**Dental Camp (15th March, 2017 to 17th March, 2017)**

Total patient no. 87, where 73 fillings and 67 extractions were done along with 3 cleaning and scaling

**२.७ मर्मत सम्भारः**

स्वास्थ्य सेवा केन्द्र लगायत स्टाफ क्वाटको मर्मत्त सम्भार गरि रङ्गरोगनको कार्यक्रम समपन्न गरियो । स्वास्थ्य सेवा केन्द्रको भवनबाट अहिले निरन्तर रुपमा निर्भिक साथ स्वास्थ्य सेवा पुऱ्याई रहेको छ ।

**२.८ क्षमता अभिवृद्धि तालिम**

संस्थाको काम सरल, छिटो, छरितो र ब्यवस्थित रुपमा गर्नका लागि साथै विरामीहरुलाई मैत्रीपूर्ण सेवा प्रदान गर्न आधुनिक युगमा विभिन्न ज्ञान र सीपको आवश्यकत्ता महसुस गर्दै संस्थागत विकासको लागि स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको लागि कम्प्युटर तालिम सञ्चालन गरिएको थियो ।

**३ प्राप्ति, सुझाव र निष्कर्ष**

**३.१ प्राप्ति**

कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले आर्थिक वर्ष २०७३/०७४ मा हालसम्म विभिन्न कार्यक्रम सञ्चालन गरी विकट ग्रामीण समुदायमा बसोबास गर्ने ३२०० जना भन्दा बढी नागरिकहरु लाभान्वित भएका छन् । आर्थिक अवस्था कमजोर भएका ब्यक्ति, वृद्धवृद्धा, दलित, बालबालिका लगायत फरक क्षमता ब्यक्तिहरु प्रत्यक्ष रुपमा यो संस्थाबाट लाभान्वित भएका छन् । विगतमा रोगलाई लुकाएर बस्ने महिलाहरुमा जनचेतना आएर खुलेर निर्धक साथ आफनो रोगको उपचार गराएर सेवा पाएका छन् । स्वस्थ जीवन नभएमा समृद्ध र सभ्य समाजको परिकल्पना गर्न नसकिने हुँदा ब्यक्तिको स्वास्थ्य सेवामा यसले प्रभावकारी भूमिका निर्वाह गरेको छ । प्राकृतिक विपतमा परेका समुदायले स्वास्थ्य सेवा लगायत अन्य सेवा सुविधा पाएका छन् । यो गरिब परिवारको लागि ठूलो राहत हो भने संस्थाको लक्ष्य प्राप्तिको एक साधन पनि हो ।

**३.२ सुझाव**

- सरकारी प्रकिया झण्झटिलो र लामो भएको हुँदा जनतालाई विभिन्न किसिमका सेवा पुऱ्याउनको लागि संस्थाले अनावश्य समय खर्च गरिनु पर्ने भएकोले प्रकिया सरल र छोटो भए राम्रो हुने ।

### ३.३ निष्कर्ष

नेपालको संविधान २०७२ ले स्वास्थ सेवालाई मौलिक हकका रुपमा ब्यवस्था गरेको भएता पनि देशमा भएका विधमान समस्याले गर्दा यसको कार्यान्वयन हुन विभिन्न चुनौति देखिएको छ । आर्थिक अवस्था कमजोर भएका ब्यक्ति, दुर्गम स्थानमा बसोबास गर्ने जनताहरु, सामाजिक हिसाबले पछाडि परेका र पारिएका दलित, आदिवासी जनजाती महिला/एकल महिला, ज्येष्ठ नागरिक र सेवा नपाईरहेको ब्यक्तिहरुलाई विभिन्न प्रकारका रोगहरु लाग्दा उपचार नपाईरहेको अवस्थामा यो संस्थाले यिनीहरुलाई समेटेको छ । स्वस्थ ब्यक्ति भएमा मात्र स्वस्थ समाज हुन्छ अनि मात्र सभ्य, समृद्ध समाजको परिकल्पना गर्न सकिने यथार्थलाई मनन गरी यस संस्थाबाट कार्यक्रमहरु सञ्चालन भएको छ । समाज सेवा गर्ने र सामाजिक प्राणीको रुपमा सशक्त रुपमा स्थापित गर्न चाहने वैदेशिक चिकित्सकहरु सेवा गर्नकै लागि दुर्गम गाऊँमा आएका, चिकित्सक तथा नर्सहरु, कुसुदेवु जनस्वास्थ्य अभियान नेपालका कार्य समितिका पदाधिकारी तथा कर्मचारीहरु, स्थानीय समितिका पदाधिकारीहरु, पत्रकार, स्थानीय मिडियाहरु, जुनवेशीवासीहरुबाट यो महान् र पवित्र कार्य भएको देखिन्छ । धन्यवाद तिं पवित्र हातहरुलाई जसले दीनदुखीहरुको सेवा गरि रहेका छन् ।

अनुसूची -१

**कुसुदेवु जनस्वास्थ्य अभियान नेपालले सञ्चालन गरेका कार्यक्रमहरुको फोटोहरु :**



सानो सानो बालबालिकालाई लुगा वितरण



सानो बच्चालाई लुगा प्रदान गरेको फोटो



खोपको कार्यक्रम संचालन गर्दै



खोप लगाउने क्रममा



निःशूल्क दन्त शिविरमा दाँतको उपचार गरेको फोटो



निःशुल्क दन्त शिवरमा प्रयोग हुने उपकरणहरु



निःशूल्क दन्त शिविर प्रदान गर्ने क्रममा



स्वास्थ्य शिक्षा प्रदान गर्ने क्रममा विधार्थीसंग सामुहिक तसविर



तातो पानीले पोलेको बच्चाको उपचार गरेको फोटो



स्वास्थ्य सेवा केन्द्रमा घाँउको उपचार गर्दै